# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
## प्रधान कार्यालय काठमाडौं

## "प्रेस विज्ञप्ति"

विश्वभर महामारीको रुपमा फैलिदै गएको नयाँ भेरिएण्ट सहितको कोभिड-१९ ले नेपालमा समेत भयावह रुप लिदै गएको हुदाँ सोको रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारले मिति २०७८/०१/१६ गते विहिबारदेखि काठमाण्डौ उपत्यका भित्र निषेधाज्ञा (Lockdown) जारी गरेको छ। यस विषम परिस्थितिमा उपत्यकावासी उपभोक्ताहरुलाई पर्न जाने असुविधालाई ध्यानमा राखी **खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड**ले आफ्नो सामाजिक जिम्मेवारी पूरा गर्न आम उपभोक्ताहरुलाई आवश्यक पर्ने खाद्य लगायतका सामाग्रीहरु (बास्मती लगायतका विभिन्न प्रकारका चामल, कर्णालीको सिमी, जुम्ली मार्सि चामल, खाने तेल, घ्यू, स्यानिटाइजर) कम्पनीका विक्री कक्षहरु रामशाहपथ (बग्गीखाना), थापाथली, ललितपुरको नख्खु गोदाम र भक्तपुरको सूर्यविनायकबाट तपशील वमोजिम विक्री वितरण गर्ने व्यवस्था मिलाएको व्यहोरा जानकारी गराउदछौं।

**विक्री समय**

| | |
|---|---|
| **थापाथली** | विहानः ७:००-१०:०० वजेसम्म |
| | कार्यालय समयः १०:००-५:०० वजेसम्म |
| | वेलुकाः ५:००-७:०० वजेसम्म |
| **नख्खु** | विहानः ७:००-१०:०० वजेसम्म |
| | कार्यालय समयः १०:००-५:०० वजेसम्म |
| | वेलुकाः ५:००-७:०० वजेसम्म |
| **रामशाहपथ** | विहानः ७:००-११:०० वजेसम्म |
| **सूर्यविनायक** | विहानः ७:००-११:०० वजेसम्म |

त्यस्तैगरी उपत्यकावासी उपभोक्ताहरुको दैनिक जीवनलाई अझ बढि सहज बनाउन यस कम्पनीले आफ्नो **Online Portal**: ***www.nepalfood.gov.np*** मार्फत चक्रपथ भित्र, ***www.Sastodeal.com*** र ***www.mukundo.com*** मार्फत उपत्यका भरी निशुल्क रुपमा उपभोक्ताको घर दैलोमा नै होम डेलिभरी सेवा संचालनमा गरिरहेकोले सो सेवा समेत उपभोग गर्नु हुन अनुरोध गर्दछौं।

बन्दाबन्दीको समयमा उपभोक्तामा पर्न जाने मनोवैज्ञानिक त्रासको कारण खाद्यबस्तुहरु अधिक परिमाण संचित गर्ने व्यवहारले बजारमा कृतिम अभाव हुने हुँदा खाद्य व्यवस्था तथा व्यापार कम्पनीसंग काठमाण्डौ लगायत देशभर आवश्यक परिमाणमा खाद्यान्न संचित रहेको छ; त्यसर्थ अनावश्यक रुपमा अधिक मात्रामा खाद्यान्न संचिति नगर्नु हुन समेत अनुरोध गर्दछौं।

मितिः जेठ १०, २०७८

**"स्वास्थ मापदण्डको पूर्ण रुपमा पालना गरौं,**
**कोभिड रोकथाम/ नियन्त्रणमा सहयोग पु-याऔं।"**

फोन नं.: ०१-४२२८३६५ प्रादेशिक कार्यालय, काठमाडौं